UMH
UNITED MODI HYDROPOWER

# युनाइटेड मोदी हाइड्रोपावर लिमिटेड

पहिलो तल्ला, हेरिटेज प्लाजा-२, कमलादी, का.म.न.पा.- २८, काठमाडौं
फोनः ०१-४१६९११४, फ्याक्सः ०१-४१६९११३
इमेलः unitedmodi@ntc.net.np वेबसाइटः www.umh.com.np

## वार्षिक साधारणसभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८१/११/२७ गते)
(दोस्रो पटक प्रकाशित मिति २०८१/१२/२० गते)

**आदरणीय शेयरधनी महानुभावहरू,**

यस कम्पनीको मिति २०८१/११/२५ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय बमोजिम कम्पनीको आ.व. २०८०/८१ को वार्षिक साधारण सभा निम्नलिखित मिति, समय र स्थानमा देहायका विषयहरू उपर छलफल गरी निर्णय गर्नको लागि कम्पनीको वार्षिक साधारण सभा बोलाईएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरूलाई जानकारी गराउँदै उल्लेखित सभामा सहभागिता जनाई दिनु हुन सविनय अनुरोध सहित यो सूचना प्रकाशित गरिएको छ।

१. **सभा हुने मिति, समय र स्थान :**

**मिति** : २०८१ चैत्र २७ गते बुधबार (तद्अनुसार ९ अप्रिल, २०२५)

**समय** : विहान ११:०० बजे।

**स्थान** : कालिमाटि व्यैङ्केट, कालीमाटी काठमाण्डौं।

२. **छलफलका विषयहरू :**

**क) सामान्य प्रस्ताव**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।

२. लेखापरिक्षकको प्रतिवेदन सहितको आ.व. २०८०/०८१ का वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाहको विवरण लगायत वित्तिय विवरणहरू उपर छलफल गरी स्वीकृत गर्ने।

३. लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ.व. २०८१/०८२ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।

४. अन्य लगानीयोग्य क्षेत्र पहिचान गरी लगानी गर्नु परेमा सञ्चालक समितिलाई अख्तियारी दिने।

**ख) विशेष प्रस्ताव**

१. मिति २०८१/०२/२७ गतेको दशौं वार्षिक साधारण सभावाट हाल कायम रहेको चुक्ता पूजी रु. १,२३,०५,००,००० वमोजीमको शेयर संख्या १,२३,०५,००० कित्ता शेयर बराबर १ शेयरका दरले १:१ अनुपातमा हकप्रद शेयर जारी तथा निश्काशन गर्ने निर्णय भएकोमा सो शेयर अनुपात संशोधन गरी १ शेयर दरले ०:६५ अनुपातमा जारी तथा निश्काशन गर्ने सम्बन्धमा।

२. हकप्रद शेयर निष्काशनका लागि कम्पनीको अधिकृत तथा जारी पूँजी बृद्धि गर्ने सम्बन्धमा।

३. हकप्रद शेयर जारी तथा निष्काशन गर्ने कार्य गर्दा श्री विद्युत नियमन आयोग, श्री नेपाल धितोपत्र बोर्ड, श्री नेपाल स्टक एक्सचेन्ज लि., श्री कम्पनी रजिष्ट्रारको कार्यालय, लगायतका नियमनकारी निकायमा आवश्यक अभिलेखन कार्य गर्नका लागी कम्पनीको सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धमा।

४. माथि उल्लेख गरे बमोजिम कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा गरिएका आवश्यक संशोधनहरू कम्पनी रजिष्ट्रार कार्यालयबाट स्वीकृत गराउने क्रममा आवश्यक थपघट वा परिमार्जन गर्न र नियामक निकाय तथा अन्य सरकारी कार्यालयबाट जारी नीति निर्देशन बमोजिम प्रबन्ध पत्र तथा नियमावलीमा परिमार्जन गर्नुपरेमा सो सम्बन्धमा सम्पूर्ण अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने सम्बन्धमा।

**ग) विविध**

**सञ्चालक समितिको निर्णयानुसार**

**कम्पनी सचिव**